# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. चिरंजीबि नेपालद्वारा कार्यशाला गोष्ठीलाई सम्बोधन

गभर्नर डा. चिरंजीबि नेपालले माघ २ गते काठमाडौंमा Challenges and Threats for BFIs Pre-Post Capital Increment विषयक कार्यशाला गोष्ठीलाई प्रमुख अतिथिको रूपमा सम्बोधन गर्नुभयो ।




IBN Media and Research Pvt. Ltd / Nepal Bankers' Association को संयुक्त आयोजनामा सञ्चालित उक्त कार्यशाला गोष्ठीमा गभर्नर डा. नेपालले कुनै पनि देशका बैंक तथा वित्तीय संस्थाहरु अन्तर्राष्ट्रिय वित्तीय गतिविधिहरुबाट प्रभावित रहने बताउनु हुँदै उहाँले अन्तर्राष्ट्रिय परिस्थिति र देशको अवस्था दुवैलाई दृष्टिगत गरेर नै केन्द्रीय बैंकले नीति, नियमहरु बनाउने गरेको उल्लेख गर्नुहुँदै बैंक तथा वित्तीय संस्थाहरूको पुँजी वृद्धिका लागि दिइएको अवधि पर्याप्त रहेको धारणा राख्नुभयो ।

गभर्नर डा. नेपालले बैंक तथा वित्तीय संस्थाहरुको सुक्ष्म निगरानीका लागि Risk Based Supervision अबलम्बन गरिएको र बासल ३ अवधारणाको पनि अभ्यास सुरु भइसकेको जानकारी दिनुभयो । सर्वसाधारणको निक्षेपको हित र सुरक्षित लगानीलाई कर्तव्य ठान्न आग्रह गर्नुहुँदै उहाँले अर्थतन्त्रको आकारमा भएको वृद्धिसँगै देखिएका अवसरहरुको उपयोग गर्न बैंक तथा वित्तीय संस्थाहरुलाई सुझाव पनि दिनुभयो ।

सोही क्रममा गभर्नर डा. नेपालले देशका अधिकांश जनता वित्तीय पहुँच बाहिर रहेकाले वित्तीय पहुँच विस्तार र वित्तीय साक्षरताका लागि नेपाल राष्ट्र बैंकले विशेष जोड दिएको बताउनु भयो । सरकारको पुँजीगत खर्च वृद्धि हुने अपेक्षा गर्नुहुँदै उहाँले नेपालको बैंकिङ क्षेत्र सुदृढ, सक्षम र विश्वासिलो बन्दै गएको धारणा राख्नुभयो ।

उक्त कार्यशाला गोष्ठीमा नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक एवम् प्रवक्ता नारायणप्रसाद पौडेलले बैंक तथा वित्तीय संस्थाहरुको पुँजी वृद्धिको अवस्थाका बारेमा प्रकाश पार्नु भएको थियो । गोष्ठीमा नेपाल बैंकर्स एसोसिएसनका अध्यक्ष लगायत बैंक तथा वित्तीय संस्थाका पदाधिकारीहरु तथा अर्थविद्हरुको उपस्थिति रहेको थियो ।

**२०७३ माघ २, आइतबार**

**गभर्नरको कार्यालय**